# साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको

## सन्ताउन्नौं वार्षिक साधारण सभाको काम कारवाहीको निर्णय विवरण

## (माईन्युट)

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको मिति २०८० साल फाल्गुण ३० गते बुधवार बसेको सञ्चालक समितिको १०५४ औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३ र कर्पोरेशनको प्रबन्धपत्र तथा नियमावली बमोजिम सन्ताउन्नौं वार्षिक साधारण सभाका सभापति श्री प्रदिपलाल श्रेष्ठज्यूको सभापतित्वमा देहाय बमोजिम सुसम्पन्न भयो ।

सभाको स्थान, मिति र समयः
मिति : २०८० साल चैत्र २३ गते शुक्रवार (तदनुसार ५ अप्रिल २०२४)

समय : दिनको ११:०० बजे ।

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब भद्रकालि,काठमाडौं ।

१ सभाको सूचना प्रकाशनः

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कर्पोरेशनको सन्ताउन्नौं वार्षिक साधारण सभाको सूचना आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सबै शेयरधनीहरुको उपलब्ध व्यक्तिगत ठेगाना र इमेलमा पठाइनुका साथै २०८० साल चैत्र १ र ३ गतेको "गोरखापत्र" दैनिकमा कर्पोरेशनको सन्ताउन्नौं वार्षिक साधारण सभा हुने स्थान, समय र छलफल हुने विषयहरुको सूचना पनि शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिनुका साथै कर्पोरेशनको Website www.stcnepal.com मा राखिएको थियो । साथै साधारण सभामा आमन्त्रित भई थिए नियमन निकायहरु नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा पत्राचार गरिएको ।

२ छलफलको विषयसूचिः

(क). सामान्य प्रस्ताव

१. सन्ताउन्नौं वार्षिक साधारणसभाका लागि आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहित सोही आ.व.को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह विवरण उपर छलफल गरि पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारीश अनुसार आर्थिक वर्ष २०८०/०८१ को वित्तिय विवरण लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने (हालको लेखापरीक्षक श्री एन अमात्य एण्ड कम्पनी चार्टड एकाउण्टेण्टस् पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)।

४. सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिमको चुक्ता पुंजिको ०.७९ (शुन्य दशमलव सात नौ) प्रतिशतका दरले नगद लाभांश बापत रु २२,००,३९७/- (बोनश शेयरमा लाग्ने कर प्रयोजनार्थ) वितरण गर्ने स्वीकृत गर्ने।

(ख) विशेष प्रस्ताव

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कर्पोरेशनको हालको चुक्ता पूंजीको १५ प्रतिशतले हुने रकम रु ४,१८,३२,३४३/- बराबरको बोनश शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने।

२. कम्पनी ऐन २०६३ को दफा १०५(१) को खण्ड (ख) बमोजिम ऋण सुविधा लिने स्वीकृति उपर छलफल गरि पारित गर्ने।

(ग). विविध।

३ उपस्थितिः

संचालकहरुको उपस्थितिः

| | | | |
|---|---|---|---|
| श्री | प्रदिपलाल श्रेष्ठ | : | सभापति |
| श्री | लीला प्रसाद शर्मा | : | सञ्चालक |
| श्री | मोहन प्रकाश चन्द | : | सञ्चालक |
| श्री | अञ्जन श्रेष्ठ | : | सञ्चालक |
| श्री | नारायणदास मानन्धर | : | सञ्चालक |
| श्री | राजेश कुमार श्रेष्ठ | : | सञ्चालक |
| श्री | सुनिल श्रेष्ठ | : | सञ्चालक |

अनुपस्थित

| | | | |
|---|---|---|---|
| श्री | राजेन्द्रमान शेरचन | : | सञ्चालक |

उपस्थित पदाधिकारी :

श्री उर्मिला श्रेष्ठ : प्रमुख कार्यकारी अधिकृत

श्री कुमार राजभण्डारी : नायब प्रमुख कार्यकारी अधिकृत

श्री ओमशिद्धि सुभाजु : सहायक प्रमुख कार्यकारी अधिकृत (अर्थ तथा लेखा)

श्री उमेशकुमार ओझा : कम्पनी सचिव

आमन्त्रित पदाधिकारीहरु:

श्री यमेन्द्र उपाध्याय : उपसचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

श्री भिम प्रसाद पराजुली : सहायक रजिष्ट्रार,कम्पनी रजिष्ट्रारको कार्यालय ।

श्री मनिस अमात्य : चार्टड एकाउण्टेण्ट (एन अमात्य एण्ड कम्पनी)

श्री खेम प्रसाद खतिवडा : अधिवक्ता (जुरिष्ठ एण्ड कम्पनी)

४ गणपूरक संख्या र सभाको वैधानिकता:

| विवरण | कूल सख्या | स्वयंम उपस्थित | प्रतिनिधि मार्फत उपस्थित | जम्मा उपस्थित | जम्मा उपस्थित भएको प्रतिनिधि प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी सख्या | ७८१५ | १४४ | ९० | २३४ | २.९९ |
| शेयर सख्या | २७८८८४३ | ७३३७८२ | १०२२०५१ | १७५५८३३ | ६२.९५ |

उपरोक्त बमोजिम शेयरधनीहरु सभामा उपस्थित भएको हुंदा कम्पनी ऐन २०६३ दफा ७३ को उपदफा (२) तथा कर्पोरेशनको प्रवन्धपत्र नियमावली बमोजिम यो साधारण सभाको गणपूरक सख्या पुगेको र प्रचलित ऐन कानून अनुसार सभा वैधानिक भएको कुरा कम्पनी सचिव श्री उमेश कुमार ओझाले सभालाई जानकारी गराउनु भयो ।

५ सभाको सभापतित्व:

कम्पनी ऐन २०६३ को दफा ७४(१) र कर्पोरेशनको नियमावलीको दफा ५०(१) अनुसार कर्पोरेशनका सञ्चालक समितिका अध्यक्ष श्री प्रदिपलाल श्रेष्ठज्यूले कर्पोरेशनको सन्नाउन्नौं वार्षिक साधारणसभाको अध्यक्षता गर्दै सभापतिको आसन ग्रहण गर्नुभयो ।

६ **सभा संचालन तथा आर्थिक वर्ष २०७९/२०८० को वार्षिक प्रतिवेदन प्रस्तुति:**
आसन ग्रहण पश्चात् सभापतिज्यूले सभाको काम कारवाही अघि बढाउने क्रममा संक्षिप्त रुपले अध्यक्षज्यूको प्रतिवेदन सहित आफ्नो मन्तव्य व्यक्त गर्दै सभाका लागि घोषित विषयसूचि उपर छलफलका लागि आह्वान गर्नुभयो ।

७ **छलफलको लागि सहभागी हुनेहरु:**
कर्पोरेशनको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन लगायत वित्तिय अवस्थाको विवरण नाफा वा नोक्सानी तथा अन्य विस्तृत आयको विवरण नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरणमा आ-आफ्नो मन्तव्य प्रकट गर्ने र सो सम्बन्धमा कुनै प्रश्न भए सो समेत प्रस्तुत गर्ने शेयरधनी महानुभावहरु समक्ष सभापतिज्यूले गर्नु भएको अनुरोध बमोजिम देहायका १३ (तेह्र) जना शेयरधनीहरुले छलफल क्रममा सहभागी हुनु भयो ।

१. श्री गुणराज भट्ट
२. श्री राज कुमार श्रेष्ठ
३. श्री उत्तम पाठक
४. श्री उत्सव श्रेष्ठ
५. श्री चन्द्रनारायण श्रेष्ठ
६. श्री रामगोपाल महर्जन
७. श्री महेन्द्र वहादुर श्रेष्ठ
८. श्री कमल भारती
९. श्री इन्द्र कृष्ण श्रेष्ठ
१०. श्री कृष्ण प्रसाद अधिकारी
११ श्री अमिरदास रन्जित
१२ श्री धिरेन्द्र श्रेष्ठ
१३ श्री डमरु वल्लभ घिमिरे

८. <u>सहभागि शेयरधनीहरुले छलफलको क्रममा व्यक्त गर्नु भएका जिज्ञासा एवं सुझावहरुको संक्षिप्त विवरण निम्न बमोजिम रहेको छ ।</u>

८.१. <u>जिज्ञासा :</u>

(क) देशभरी रासायनिक मलको बारेमा समस्या उत्पन्न भएको अवस्थामा कर्पोरेशनले गैर अनुदानित मल आयात गरी मलको आपूर्तिमा ठूलो रुपमा सहजीकरण गर्न सकेकोमा धन्यवाद दिंदै गैर अनुदानित मलको आयातमा वृद्धि गरि अनुदानित मल आयात गर्ने के गरिरहेकोछ स्पष्ट पारिदिनु हुन्छ की ?

(ख) संस्थागत रुपमा बोनश शेयर दिन सकेकोमा धन्यवाद दिंदै लगानीकर्ताको प्रमुख चासोको विषयमा भनेको लगानीको प्रतिफल भएकोले कर्पोरेशनको साधारणसभाबाट पारित भईसकेको लाभांश वितरणमा किन ढिला हुन गएको हो । स्पष्ट पारिदिनु हुन्छकी ?

(ग) कर्मचारी भनेका संस्थाका मेरुदण्ड हुन । कर्मचारीको वृत्ति विकास नगरायनको विषयमा गुनासो आएको हुंदा समितिले यस विषयमा के योजना ल्याएकोछ । स्पष्ट पारिदिनुहुन्छकी ?

(घ). छलफलको विषय सुचिमा कम्पनी एन २०६३ को दफा १०५(१) को खण्ड (ख) उल्लेख गरी ऋण सुविधाको प्रस्ताव गरिएको छ के का लागि ऋण लिने गरिएको हो स्पष्ट पारिदिनु हुन्छकी ?

(ङ) एउटै प्रकृतिको फरक फरक कम्पनीहरु छन । के कारणले फरक फरक बनाइएको हो स्पष्ट पारिदिनु हुन्छकी ?

(च) हाउजिङ्गमा पनि कर्पोरेशनको लगानी रहेको छ तर वासलातमा विस्तृत रुपमा उल्लेख नभएकी हुंदा स्पष्ट पारिदिनु हुन्छकी साथै भूकम्प प्रतिरोधि घर निर्माण गरेको । तिनको अवस्था कस्तोछ र सो को बिक्री व्यवस्था के गईरहेकोछ । स्पष्ट पारिदिनु हुन्छकी ?

(छ) नेपाल वनस्पति घ्यू उद्योग लिको कारखानामा तोरीको तेल उत्पादन शुरु गरिएकोछ भनिएकोछ । बजारको अध्ययन भएको छैन । अध्ययन नगरिकन कम्पनीमा लगानी किन गर्ने के हो यसको वाध्यता स्पष्ट पारिदिनु हुन्छकी ?

(ज) मोरङ्ग सुगर मिल सञ्चालन नभए पनि उखु फार्म सञ्चालनमा रहेको भनिएकोछ । उखु फार्मको अवस्था के कस्तो रहेकाछ ? आम्दानी र रोजगारी दिएको छ छैन ? स्पष्ट पारिदिनु हुन्छकी ?

(झ) एउटै रयायनको लागि किन दुईवटा कम्पनी चाहियो । एउटैबाट काम गर्न सकिन्छ कि सकिंदैन स्पष्ट पारिदिनुहुन्छकी ?

(ञ) सगरमाथा लुम्बिनी (सलिको) इन्स्युरेन्स र सनराईज बैंक लि.को मात्र शेयर देखाईएकोछ । लगानी गर्नको लागि मात्र दुईवटा कम्पनी छानिएको हो की यो भन्दा राम्रा अन्य कम्पनीहरु छैनन र स्पष्ट पारिदिनुहुन्छकी ?

(ट) कर्पोरेशनको नाममा रहेका जग्गाहरु कहा कहा के कुन अवस्थामा रहेका छन । सम्पत्तिलाई आधुनिक तथा व्यापारिक भवन बनाई त्यसबाट प्रतिफल लिने गरी सम्पत्तिको अधिक उपयोग गर्ने तर्फ विगत वर्षहरु देखिनै ध्यनाकर्षण भई आएकोमा त्यस तर्फ के भईरहेकोछ । स्पष्ट पारीदिनु हुन्छकी ?

(ठ) नेपाल सरकारको लगानीमा दुईवटा नाम उल्लेख भएको छ । ११ प्रतिशत शेयर नेपाल सरकारको मात्र होकी खाद्य व्यवस्था तथा व्यापार कम्पनीको समेत हो स्पष्ट पारिदिनु हुन्छकी ?

सभाका सभापति श्री प्रदिपलाल श्रेष्ठज्यूले शेयरधनी महानुभावहरुले कर्पोरेशन प्रति सकारात्मक अवधारणा देखाई रचनात्मक सुझाव सहितको प्रश्न राखी संस्था प्रति देखाउनु भएको सदाशयता प्रति धन्यवाद व्यक्त गर्दै कर्पोरेशनका प्रमुख कार्यकारी अधिकृत श्रीमती उर्मिला श्रेष्ठलाई शेयरधनी महानुभावहरुले उठाउनु भएको प्रश्नहरुको समूहगत रुपमा जानकारी गराउन अनुमति दिनु भए पश्चात् प्रमुख कार्यकारी अधिकृतले देहाय बमोजिमको जानकारी सभामा प्रस्तुत गर्नुभयो ।

८.२. जवाफ :

(क) कर्पोरेशनले वर्षेनी देशमा हुने रासायनिक मलको अभावलाई न्यूनिकरण गर्ने उद्देश्यले गैन्ह अनुदानित मलको आयात गरी बिक्री वितरण गर्दै आएकोछ । उक्त मलको माग बढ्दै गएको हुदा आयात तथा बिक्री परिमाणलाई बृद्धि गर्दै लगिएकोछ । नेपाल सरकारले रासायनिक मलको जम्मा कोटाको ३० प्रतिशत मात्र कर्पोरेशनलाई आयात गर्न अनुमति प्रदान गरेकोछ । जस अनुसार कर्पोरेशनले प्राप्त गरेको कोटा समय सिजन भित्रै केही परिमाणमा आयात भई सकेको र केही आयात प्रकृया भईरहेको व्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदछौ ।

(ख) शेयरधनी महानुभावहरूको सल्लाह र सुझाव अनुसार विगत वर्षहरू देखि नै बोनस शेयार जारी गरेर कम्पनीको चुक्ता पुँजीको संरचनामा विशेष ध्यान दिएको विदितैछ । प्रचलित कम्पनी ऐन २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकारको स्वामी रहेका कम्पनीहरूले साधारणसभाले लाभांश पारित गरिसके पश्चात् वितरण गर्नु अगावै नेपाल सरकारको स्वीकृति लिनु पर्ने प्रावधान अनुसार स्वीकृतिको लागि तालुक मन्त्रालयमा पठाउने गरेको छ । आ.व ०७६/०७७, ०७८/०७९ को मात्र नेपाल सरकारबाट स्वीकृत हुन बाँकी लाभांश स्वीकृतको लागि तालुक मन्त्रालय मार्फत आवश्यक पहल गर्दैरहेको व्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउदछौं ।

(ग) कर्मचारीहरूको वृत्ति विकास, तालिम तथा सुविधाको विषयमा सञ्चालक समिति तथा व्यवस्थापन संचेत रहेको व्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदछौं ।

(घ) प्रचलित कानुन बमोजिम कुनै कम्पनीले नियमित व्यवसायिक कामको सिलसिलामा बैंक वा वित्तिय संस्थाबाट छ महिना भन्दा कम अवधिको लागि लिएको ऋण सुविधा बाहेक आफ्नो चुक्ता पुँजि र संचित मुनाफा (फ्रि रिजंभ) को जम्मा रकम भन्दा बढी हुने गरी ऋण लिनु पर्दा कम्पनी ऐनको दफा १०५(१) को खण्ड (ख) बमोजिम साधारणसभाबाट स्वीकृत लिनु पर्ने व्यवस्था भए बमोजिम सो को स्वीकृतीको लागि प्रस्ताव गरिएको व्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउदछौं ।

(ङ) नाम एउटै प्रकृतिका भए पनि कार्य प्रकृति फरक फरक भएको व्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउदछौं ।

(च) कर्पोरेशनले व्यापार विविधिकरणको नीति अवलम्बन गर्दै आफ्नो सहायक कम्पनी उपहार हाउजिङ्ग कम्पनी लिमिटेडको जग्गामा चन्द्रागिरी नगरपालिका था महादेव स्थित भुकम्प प्रतिरोधात्मक आधुनिक भवनहरू निर्माण गरिएकोछ । उक्त भवन बिक्रीको लागि आवश्यक पहल भइरहेको हुदा यहाहरूले पनि उक्त भवनको अवलोकन गरी खरिद गर्न सक्नु हुने शेयरधनी महानुभावहरूलाई जानकारी गराउदछौं ।

(छ) नेपाल वनस्पति घ्यू उद्योग लिमिटेडको कारखाना तथा भवन स्थल हेटौंडा औद्योगिक क्षेत्र अन्तर्गत रहेको र नेपाल वनस्पति घ्यू उद्योग

तीन अन्य रहेको पुरा भी कारखाना स्थलमा गोदाम गर्ने गोरीको नुन उत्पादन गर्ने विक्री वितरण गर्दै आएकोछ । यसमा अजार भाग राखी रहेका शेयरधनी महानुभावहरूलाई जानकारी गराउदछौं ।

(ज) गोरखा सुगर मिल्सको जग्गामा जयु फार्म सञ्चालन गरिएकोछ । उक्त फार्मको अवस्था राम्रो रहेकोछ । फार्मले गरी जग्गालाई संजमारी विमुक्त गर्ने नापजाँचकी रहेको व्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउदछौं ।

(झ) कर्पोरेशनले एउटै नाम कम्पनीबाट ग्यासको काम गरिरहेकोछ । कर्पोरेशनले ग्यासको कारोबार गर्ने उद्देश्यले साल्ट एस.टी.सी ग्यास कम्पनी दर्ता गरेकोमा सो पश्चात हालको मेट्रो काठमाडौं ग्यास इ. लिमिटेड खरिद गरी सोहीबाट कारोबार गर्दै आएकोछ । एस.टी.सी ग्यास कम्पनीलाई मेट्रो काठमाडौं ग्यास लि.मा मर्जर गर्ने प्रकृया गई रहेको व्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउदछौं ।

(ञ) दि ब्युरेटी कम्पनीहरू लगानी गर्नको लागि नाम नगई कम्पनी संस्थापना गर्दा नै संस्थापक शेयर खरिद गरेको व्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउदछौं ।

(ट) कर्पोरेशनको नेपाल राज्यभर विभिन्न स्थानमा जग्गाहरू रहेकाछन । आफ्नो सम्पत्तिलाई अधिक उपयोग गर्ने तर्फ संभाव्यता अध्ययन गर्दैरहेकोछ । हामीले तत्काल कर्पोरेशनका विभिन्न स्थानमा रहेका जग्गाहरूमा आधुनिक भवन, भवन तथा गोदामहरू बनाउने तर्फ आवश्यक प्रकृया शुरु गर्न लागि सकेको व्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउदछौं ।

(ठ) नेपाल सरकारको दुईवटा कार्यालयहरु महालेखा नियन्त्रकको कार्यालय र वाणिज्य विभागको संयुक्त नाममा ११ प्रतिशत शेयर रहेकोछ । खाद्य व्यवस्था तथा व्यापार कम्पनीको नाममा अलगै शेयर रहेको व्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउदछौं ।

९ छलफलको क्रममा व्यक्त गरिएका सुझावहरूको सूचीकरणः

(क) ५६ औं वार्षिक साधारणसभामा दिइएका सुझावहरू क्रमश कार्यान्वयन हुदै आईरहेकोमा धन्यवाद दिदै समय मिलै लाभांश वितरण गर्न सुझाव ।

(ख) अनुदानित मल बिक्री भएको तर गैर अनुदानित मल समयमानै ल्याएर मलको कारोबार अझ वृद्धि गर्न सुझाव ।

(ग) साधारणसभाबाट पारित भई सकेको पुरानो लाभांश नेपाल सरकारसंग समन्वय गरि छिटो उपलब्ध गराउन तथा बुझीलिन बाँकी लाभांश रकम शेयरधनीहरुलाई जानकारी गराउन सुझाव ।

(घ) नेपाल सरकारले चिनी तथा रासायनिक मल आयातको लागि कर्पोरेशनलाई समयमानै अनुमति प्रदान गरी प्रोत्साहित गर्न सुझाव ।

(ङ) लेखापरिक्षकलाई समयमानै लेखापरिक्षण गरिदिन अनुरोध गर्न सुझाव ।

(च) कर्मचारी संस्थाका खम्बा हुन उनिहरुको सेवा सुविधा,तालिममा विचार पुऱ्याउन सुझाव

(छ) अनुपयोगी कर्मचारीहरुलाई हायर एण्ड फायर गर्न सुझाव ।

(ज) कर्पोरेशनको उत्पादनको गुणस्तरमा ध्यान दिन सुझाव ।

(झ). व्यापार विविधिकरणमा ध्यान दिन सुझाव ।

(ञ). समय समयमा नेपाल सरकारको कर्पोरेशनको अनुदान रकमलाई शेयरमा परिणत गर्न खोजेको भन्ने समाचारहरु आएको हुँदा त्यस्तो कार्यले कर्पोरेशनलाई असर पर्न जाने हुँदा त्यस तर्फ सम्बन्धित पक्षलाई ध्यान दिन सुझाव ।

(ट) नेपाल सरकारले कृषकको लागि भनेर दिएको अनुदान रकमलाई पूँजीकरण गर्दा संस्था धाराशायी हुने संभावना रहने हुँदा त्यस तर्फ सम्बन्धित पक्षलाई ध्यान दिन सुझाव ।

(ठ) कर्पोरेशन ट्रेडिङ्ग कम्पनी भएको हुनाले चिनी र रासायनिक मल उत्पादन तर्फ दिर्घकालिन योजना बनाउन सुझाव ।

(ड) विभिन्न क्षेत्रहरुमा गरेको लगानीमा कमीकमजोरीहरु रहेको हुँदा प्राविधिक कमजोरीहरुमा ध्यान दिन सुझाव ।

(ढ) नगद लाभांश पनि दिन सुझाव ।

(ण) शेयरधनीले बुझी लिन बाँकी रहेको रकम बुझी लिने व्यवस्थामा ध्यान दिन सुझाव ।

(त) कर्पोरेशनले आफ्नो दायरा फराकिलो पार्दै लैजान सुझाव ।

(थ). उपहार हाउजिङ्ग कम्पनी लिमिटेडबाट निर्मित घरहरु समयमानै बिक्री गर्न सुझाव ।

(द) स्थानिय खाद्य वस्तुहरुको बिक्री वितरणमा ध्यान दिन सुझाव ।

(ध) कर्पोरेशनका जग्गा जमिनको पुनः मुल्याङ्कन गर्न सुझाव ।

(न) कर्पोरेशनको सम्पत्तिलाई प्रतिफल आउने गरी प्रयोग गर्न सुझाव ।

(प) मल आयातमा तिव्रता दिन सुझाव ।

(फ) आगामी साधारण सभा ऐनले निर्दिष्ट गरेको समय सिमा भित्रै गर्न सुझाव ।

(ब) ऋणमा वृद्दि भएको हुदा मितव्ययिता गर्न सुझाव ।
(भ) कर्मचारी भर्ति केन्द्र नबनाउन सुझाव ।
(म) घाटामा गएका कम्पनीहरु व्यवस्थापन गर्न सुझाव ।
(य) विज्ञापन खर्चमा विशेष ध्यान दिन सुझाव ।
(र) प्रमुख सुचाङ्क स्पष्ट भाषामा बुझने गरी राख्नु पर्ने । चाहिने शिर्षक समेत राखेर सुचाङ्कहरु मिलेको छैन स्पष्ट रुपमा हुनु पर्ने सुझाव ।
(ल) बजारमा बेलाबेलामा तथा विशेष गरी चाडपर्वमा ग्यांस लगायत चिनीको अभाव हुने गरेको हुदा समयमानै यसको व्यवस्थापन गर्न नेपाल सरकारसंग अनुरोध गर्न सुझाव ।
(व) एल.पी ग्यासको बिक्री वितरणमा वृद्धि गर्न सुझाव ।
(स) वार्षिक प्रतिवेदन नेपालीमा छाप्न सुझाव ।

१० धन्यवाद तथा प्रशंसा प्रति आभार व्यक्तः

छलफलको क्रममा प्रायशः सबै सहभागी शेयरधनीहरुले कर्पोरेशनको क्रियाकलापको सन्हाना गर्नुको साथै कर्पोरेशनले निरन्तर रुपमा लाभाश दिँदै आएको, व्यापार विविधीकरणको नीति अपनाएको समिक्षा वर्षमा भएको मुनाफाबाट शेयरधनीहरुलाई १५ प्रतिशत बोनश शेयर र बोनश शेयरमा लाग्ने कर समेतको प्रयोजनार्थ नगद लाभांश दिन सफल रहेकोमा सन्हना गर्दै भविष्यमा यो गतिलाई अझ सुदृढ पार्न दिनु भएको सुझावहरु कर्पोरेशनले आगामी दिनहरुमा क्रमशः कार्यान्वयन गर्ने प्रयास गर्नेछ । सहभागी शेयरधनीहरुले व्यक्त गर्नुभएको मन्तब्य, विचार, प्रश्न तथा जिज्ञासाहरु रचनात्मक एवं सकारात्मक किसिमको रहयो । उहाहरुले कर्पोरेशनको काम कारबाहीमा गहिरो अभिरुचि राखी सञ्चालक समिति तथा व्यवस्थापनलाई थप मार्गदर्शन गरी कर्पोरेशनको मनोवल बढाउन सहयोग पुर्‍याउनु भयो । यसरी शेयरधनी महानुभावहरुले दिनुभएको रचनात्मक सुझाव एवं मार्गदर्शन प्रति सभापतिज्यूले आभार व्यक्त गर्नुभयो ।

११ सभाको निर्णयः

(क). सामान्य प्रस्ताव

१. सन्ताउन्नौ वार्षिक साधारणसभाका लागि आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने । सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषयसूचि न.१ को आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर विस्तृत छलफल पश्चात सर्वसम्मतिबाट पारित गरियो ।

२. आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहित सोही आ.व.को वासलात, नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण उपर छलफल गरि पारित गर्ने ।

सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषयसूचि न.२ अनुसार आ.व.२०७९/०८० को हिसाब जांची लेखापरीक्षकले दिनु भएको प्रतिवेदन उपर विस्तृत छलफल पश्चात् लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्त सम्मको वित्तिय अवस्थाको विवरण, नाफा वा नोक्सानी तथा अन्य विस्तृत आयको विवरण नगद प्रवाह विवरण इक्विटीमा भएको परिवर्तन सम्वन्धि विवरण तथा लेखा टिप्पणीलाई स्वीकृतिका लागि सभा समक्ष राखेको प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

३. लेखापरीक्षण समितिको सिफारीश अनुसार आर्थिक वर्ष २०८०/०८१ को वित्तिय विवरण लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने (हालको लेखापरीक्षक श्री एन अमात्य एण्ड कम्पनी चार्टड एकाउण्टेण्टस् पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ) सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषय सूचि न. ३ अनुसार कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०८०/०८१ को कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०८०/०८१ को वार्षिक हिसाब लेखापरीक्षण गर्नको लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक अनुमोदन गर्ने बारे सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले कम्पनी ऐन २०६३ को दफा १६४ अनुसार कर्पोरेशनको लेखापरीक्षण समितिले सिफारिश गरे अनुसार लेखापरीक्षक श्री कुवेर एन भट्टराई एण्ड कम्पनी चार्टड एकाउण्टेण्टलाई नियुक्ति गर्ने र लेखापरिक्षक शुल्क रु ५,००,०००।-(अक्षरेपी पांच लाख मात्र) (कर बाहेक) पारिश्रमिक दिने प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरियो ।

४. सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिमको चुक्ता पूजिंको ०.७९(शुन्य दशमलव सात नौ) प्रतिशतका दरले नगद लाभांश वापत रु२२,००,३९७-(बोनश शेयरमा लाग्ने कर प्रयोजनार्थ) वितरण गर्न स्वीकृत गर्ने ।

सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषयसूची न.४ अनुसार शेयरधनी महानुभावहरुलाई लगानीको प्रतिफललाई ध्यानमा राखी समिक्षा वर्षमा भएको मुनाफाबाट ०.७९ (शुन्य दशमलव सात नौ) प्रतिशतका दरले नगद लाभांश वापत रु २२,००,३९७-.(बोनश

शेयरमा लाग्ने कर प्रयोजनार्थ समेत। वितरण गर्ने राखेको प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

(ख). विशेष प्रस्ताव

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कर्पोरेशनको हालको चुक्ता पूँजीको १५ प्रतिशतले हुने रकम रु ८,१८,३२,६४६।–बराबरको बोनश शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।
विशेष प्रस्ताव अन्तर्गत छलफलको विषयसूचि न.१ अनुसार शेयरधनी महानुभावहरुलाई लगानीको प्रतिफललाई ध्यानमा राखी समिक्षा वर्षमा भएको मुनाफाबाट कर्पोरेशनको हालको चूक्ता पूँजीको १५ प्रतिशतले हुने रकम रु ४,१८,३२,६४३।–बराबरको बोनस शेयर जारी गर्ने राखेको विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

२. कम्पनी ऐन २०६३ को दफा १०५(१) को खण्ड (ख) बमोजिम ऋण सुविधा लिने स्वीकृती उपर छलफल गरि पारित गर्ने ।
विशेष प्रस्ताव अन्तर्गत छलफलको विषयसूचि नं २ अनुसार कम्पनी ऐन २०६३ को दफा १०५ (१) को खण्ड (ख) बमोजिम कर्पोरेशनको हाल चुक्ता पुँजी रु ८७ करोड ८८ लाख ८४ हजार ३ सय मात्र भएको हुँदा कर्पोरेशनले नेपाल सरकारले दिएको जिम्मेवारी पुरा गर्न तथा विभिन्न व्यापारीक कारोबार गर्नको लागि चूक्ता पूंजि भन्दा बढी विभिन्न बैंक तथा वित्तिय संस्थाहरुबाट कर्जा, सापट, सुविधा लिनु पर्ने भएकोले बैंकिङ्ग सुविधा प्राप्त गर्ने स्विकृतीको लागि सभा समक्ष राखिएको प्रस्ताव सञ्चालक समितिको स्विकृतमा उल्लेखित सुविधा प्राप्त गर्न सर्वसम्मतीले स्विकृत गरियो ।

११.१ प्रतिवद्धता:
कर्पोरेशनले आफ्नो व्यावसायिक दक्षतालाई गतिशील बनाई सम्भव भएसम्म प्राप्त व्यावहारिक राय तथा सुझावहरुलाई कार्यान्वयन तथा आगामी दिनहरुमा अझ बढी सुधार गर्दै जाने प्रतिवद्धता सभापतिज्यूले व्यक्त गर्नु भयो ।

१२. धन्यवाद ज्ञापन:
शेयरधनी महानुभावहरुका जिज्ञासा, मन्तव्य, विचार, टिप्पणी र गहकिला सुझावहरु रचनात्मक तथा सकारात्मक भएको उल्लेख गर्दै कर्पोरेशनको कार्यमा निकै अभिरुचि राखी कर्पोरेशनको सञ्चालक समिति तथा व्यवस्थापनलाई मार्गदर्शन तथा प्रेरणा प्रदान गर्नु भएकोमा शेयरधनी महानुभावहरुलाई सभापतिज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१३. सभा विसर्जन:

अन्त्यमा, सभामा उपस्थित सञ्चालक, नेपाल सरकार, नियमन निकाय तथा अन्य संस्थागत प्रतिनिधि, पर्यवेक्षकहरु, लगायत सम्पूर्ण शेयरधनी महानुभावहरुलाई धन्यवाद दिंदै कर्पोरेशनको सन्ताउन्नौं वार्षिक साधारण सभा दिनको १:३० बजे सभापति महोदयले विसर्जन गर्नुभयो ।

(प्रदिपलाल श्रेष्ठ)
अध्यक्ष

(उमेशकुमार ओझा)
कम्पनी सचिव